# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

## खण्ड (२) चितवन, असोज २३, २०७५ साल अंक १२

## भाग ३

**खैरहनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ**

**संवत् २०७५ को कार्यविधि नं. १२**

## टोल विकास सस्था गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि – २०७५

स्वीकृत मिति :- २०७५/०६/१७

भूमीका :

खैरहनी नगरपालिकाका सबै वडाहरुमा विभिन्न टोल विकास संस्थाहरु क्रियाशिल छन । त्यस्ता टोल विकास संस्थाहरुले समय समयमा आ-आफ्ना गाउँटोलहरुमा आईपर्ने विकास निर्माण तथा सामाजिक कार्यहरु गर्दै आएकाछन् । प्रत्येक वडामा

एक निश्चित संख्या सम्मका टोल विकास संस्था क्रियाशिल हुँदा वडा समितिहरुलाई विकास निर्माण तथा अन्य सामाजिक कार्यहरुमा सहयोग पुग्ने गरेकोछ । हाल केही समय देखी यस्ता संस्थाहरुको गठन, सञ्चालन, नविकरण तथा व्यवस्थापनको लागि निश्चित कार्य विधि र आधार नहुँदा यि संस्थाहरु काम बिहिन, भूमीका बिहिन अवस्थामा छन् भने त्यस्ता संस्थाहरुलाई नियमन गर्ने निश्चित कार्यविधिको अभावमा नगरपालिकाले नियमन तथा व्यवस्थापन गर्न सकेको छैन । तसर्थ यस्ता संस्थाहरुलाई गठन, सञ्चालन, नविकरण तथा व्यवस्थापनको लागि निश्चित कार्यविधिको आवश्यकताको महशुस गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले टोल विकास संस्था गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि – २०७५ जारी गरेकोछ ।

## परिच्छेद १
## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "टोल विकास संस्था गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले जारी गरेको मिति देखी लागु हुनेछ ।

(३) यो कार्यविधि खैरहनी नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

## परिच्छेद २
## परिभाषा

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'कार्यपालिका' भन्नाले संविधानको धारा २१६ बमोजिम गठीत खैरहनी नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ख) 'ऐन' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ग) 'वडा समिति' भन्नाले संविधानको धारा २२३ को उपधारा (४) बमोजिम गठीत खैरहनी नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(घ) 'टोल विकास संस्था' भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमका उदेश्य प्राप्तिको लागि दफा ५ बमोजिम कुनै टोलका १२५ वा सो भन्दा बढी घर धुरीको सहभागितामा गठन भएको संस्थालाई सम्झनु पर्दछ ।

(ङ) 'अध्यक्ष' भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमका उदेश्य प्राप्तिको लागि गठन भएको संस्थाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) 'उपाध्यक्ष' भन्नाले दफा ५ बमेजिम गठीत संस्थाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) 'सचिव' भन्नाले दफा ५ बमेजिम गठीत संस्थाको सिचवलाई सम्झनु पर्दछ ।

(ज) 'कोषध्यक्ष' भन्नाले दफा ५ बमेजिम गठीत संस्थाको कोषध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) 'सदस्यहरु' भन्नाले दफा ५ बमेजिम गठीत संस्थाको सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ञ) 'सल्लाहकार समूह' भन्नाले टोल विकास संस्थाको उदेश्य प्राप्तिको लागि विभिन्न बिषयमा सल्लाह सुझाब दिनको दफा १० बमोजिम गठन भएको विभिन्न क्षेत्रका व्याक्तिहरु सम्मीलित समूहलाई सम्झनु पर्दछ ।

## परिच्छेद ३
## उद्देश्य, समन्वय तथा सहकार्यका क्षेत्रहरु

३. टोल विकास संस्थाका उदेश्यहरु देहाय बमोजिम हुनेछन् ।

(क) स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिमका उद्देश्य प्राप्तिको लागि नगरपालिका तथा वडा समितिलाई आवश्यक समन्वय र सहयोग गर्ने ।

(ख) स्थानीयस्तरमा गठीत विभिन्न समूह तथा सरोकारवालाहरुको आपसी अनुभव तथा सिकाई आदान प्रदान गर्दै साझा सवालहरुमा समन्वय तथा सहकार्यको वातावरण सृजना गर्ने ।

(ग) स्थानीय स्रोतको परिचालन, नगरपालिका तथा वडा कार्यालयबाट श्रोत संकलन गरी स्थानीय श्रोत साधनको विकास तथा स्थानीय समुदायको हितमा परिचालन गर्ने ।

(घ) समुदायको दिगो विकासको लागि आर्थिक, सामाजिक र वातावरणीय विकास गर्न समुदायमा विभिन्न क्रियाकलाप गर्ने ।

(ङ) समुदायको आर्थिक स्थिती उकास्न आयमूलक क्रियाकलापहरु गर्न उत्प्रेरित गर्ने ।

(च) समाज विकासको बाधकको रुपमा रहेका बिकृती, बिसंगती, अन्धविश्वास, सामाजिक भेदभाव अन्त्य गरी सभ्य समाज निर्माण गर्न उत्प्रेरीत गर्ने ।

(छ) समुदायलाई सफा, स्वच्छ र हराभरा बनाउन टोलबासीलाई उत्पेरित गर्ने, टोललाई वातावरण मैत्री बनाउन वातावरण सुधार, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन योजना बनाउन तथा कार्यान्वयमा सहयोग गर्ने ।

(झ) टोल समुदायका पिछडिएका वर्गको जीविकोपार्जन उकास्ने खालका क्रियाकलाप सञ्चालन गर्ने ।

४. प्रत्येक टोल विकास संस्थाले निम्नानुसारका कार्यहरुमा नगरपालिका तथा वडा समिति संग समन्वय तथा सहकार्य गर्नेछन् ।

(१) घरधुरी विवरण संकलन, घटना दर्ता तथा अभिलेखीकरणमा सहयोग ।

(२) खानेपानी तथा सरसफाई सम्बन्धी कार्य ।

(३) खेलकुद विकास, शारीरिक तथा मानसिक स्वास्थ्य सम्बन्धी क्रियाकलाप सञ्चालन ।

(४) जैविक खेती, आधुनीक कृषी प्रणाली, साना तथा सामुदायिक सिंचाई, उन्नत बीउ बिजन तथा प्रविधि विकास ( जस्तै हरितगृह, गोठे मलमुत्र संकलन, सिंचाई प्रविधि आदि)

(५) वृक्षारोपण कार्य

(६) स्थानीय तथा ग्रामिण पर्यटन प्रवर्द्धन

(७) नविकरणीय उर्जा विकास र प्रवर्द्धन

(८) जीविकोपार्जन तथा गरिबी निवारणमा टेवा पुर्‍याउने कार्यक्रम

(९) विपन्नता नक्साङ्कन तथा अध्यावधीक गर्ने कार्य

(१०) प्राथमीक स्वास्थ्य, HIV/AIDS, भिटामीन ए, पोलीयो अन्य खोप, स्वास्थ्य तथा पोषण स्वास्थ्य सम्बन्धी अभियान र प्रचार प्रसार

(११) वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्यक्रम

(१२) सीप विकास तथा रोजगार प्रवर्द्धन कार्यक्रम

(१३) शहरी सुरक्षा सम्बन्धी कार्यक्रम

(१४) स्वास्थ्य सुधार सम्बन्धी कार्यक्रम

(१५) समाजमा विद्यमान बिकृती, बिसंगती, अन्धविश्वास, सामाजिक भेदभाव अन्त्य गर्न निरन्तर लागि पर्ने

(१६) समुदाय भित्रको जनसंख्या, घर, जग्गा, पाटि पौवा, धर्मशाला, मठ मन्दिर, गुम्वा, मस्जित, देवस्थल, मदरसा, पर्ति जग्गा, पोखरी, तलाउ, ईनार, कुवा, धारा, ढुंङ्गेधारा आदिको लगत राख्न तथा संरक्षण गर्न नगरपालिकालाई सहयोग गर्ने र सफा सुग्घर राख्ने

(१७) समुदाय भित्रको फोहोर मैला व्यवस्थापन र गल्ली सफा राख्ने तथा सरसफाईको निमित्त समुदायलाई अभिप्ररित गर्ने

(१८) फोहोरमैला व्यवस्थापन तथा फोहोरलाई स्रोतमै वर्गिकरण गर्न जनचेतना फैल्याउने

(१९) पुराना घर तथा भैतिक संरचनाहरुको अभिलेखन गर्न तथा नयाँ संरचना निर्माण गर्नु भन्दा अगाडी नगरपालिकाबाट नक्सापास गर्ने बिषयमा जनचेतना फैल्याउने ।

(२०) समुदाय भित्रको नहर कुलो पैनीको हेरबिचार गर्ने

(२१) समुदाय भित्रको पर्ति जग्गा, खाली स्थानमा वृक्षारोपण गर्ने र वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।

(२२) समुदायमा विद्यालय तथा पुस्तकालयको स्थापना र सञ्चालनमा सहयोग पुऱ्याउने

(२३) समुदायमा विद्यालय जाने उमेरका बालबालीकालाई विद्यालय भर्ना गराउन सहयोग पुऱ्याउने

(२४) छाडा पशु चौपायहरुलाई पक्राउ गरी सम्बन्धित निकायमा बुझाउने

(२५) समुदाय भित्रको गल्ली तथा सडकमा बिजुली बत्तीको प्रबन्ध गर्ने

(२६) खेलकुद विकासको लागि खेलकुदका सामानहरु वितरण गर्ने र भाषा संस्कृतीको विकासको लागि कला, नाटक तथा सांस्कृतीक कार्यक्रमहरुको आयोजना गर्न सहयोग गर्ने

(२७) समुदायमा अशक्त बिरामी भएको बेवारीसे वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचारको प्रबन्ध गर्ने

(२८) समुदायको चेतनास्तर उकास्न विभिन्न क्रियाकलाप गर्न सहयोग गर्ने

(२९) समुदाय भित्रका पिछडिएका जनजाती, अशहाय, अपाङ्ग तथा बेवारीसे व्यक्तिहरुको संरक्षण र जीविकोपार्जन सम्बन्धि कार्यमा सहयोग पुऱ्याउने ।

(३०) बालमैत्री टोल बनाउन तथा बालश्रम मुक्त टोल बनाउन सहयोग पुऱ्याउने ।

## परिच्छेद ४

## टोल विकास संस्थाको गठन तथा व्यवस्थापन :

५. टोल विकास संस्थाको गठन तथा व्यवस्थापन : (१) टोल विकास सस्था गठन गर्दा देहायका विधि र आधारमा गरिने छ ।

(क) टोल विकास सस्था गठन गर्दा नगरपालिकाको सम्बन्धित वडाको वडा समिति सदस्य वा वडाको कर्मचारी वा सामाजिक परिचालकको रोहबरमा सम्बन्धित टोल/समुदायको कम्तीमा ८० प्रतिशत घरधुरीको सहभागिता भएको भेलाबाट गठन गर्न सकिनेछ । त्यस्तो भेलामा सदस्य संख्या गणना गर्दा एक घर एक व्यक्तिका हिसाबले गणना गरिनेछ ।

(ख) एक टोल विकास समितिमा कम्तीमा १२५ घरधुरीको सहभागीता हुनु पर्नेछ ।
तर माथि खण्ड (ख) जुनसुकै कुरा लेखिएको भएतापनि बिशिष्ट भौगोलीक अवस्थाको कारण त्यहाँ बसोबास गर्ने घरधुरी संख्या मापदण्ड बमोजिम पुग्न नसक्ने र अन्य भूगोलको घरधुरी संख्यालाई पनि समेटन नसकिने भएमा सम्बन्धित वडाले संख्या पुग्न नसक्नुको कारण सहित टोल विकास संस्था दर्ता सिफारिश गरेमा कार्यपालिकाले निर्णय गरे बमोजिम संख्या कम भएको अवस्थामा पनि दर्ता गर्न बाधा पुगेको मानिने छैन ।

(ग) टोल विकास संस्थामा सबै सदस्यको जिम्मेवारी बराबर हुनेछ । तर कार्यकारी समितिको रुपमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य गरी कम्तीमा ७ जना र बढीमा ११ जनाको समिति रहनेछ । समिति गठन गर्दा कम्तीमा ३३ प्रतिशत महिलाका साथै विपन्न, दलित, आदिवासी/जनजाती एवं अपाङ्गता भएका व्यक्तिहरुलाई समेत समावेश गर्नु पर्नेछ ।

(घ) संस्थाले आफ्नो नामबाट छाप, लेटरप्याड प्रयोग गर्न, संस्थाको नाममा बैङ्कखाता खोल्न पाउने छ ।

(२) टोल विकास संस्थाको सदस्यको लागि आवश्यक योग्यता : देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति कुनै पनि टोल विकास संस्थाको सदस्य हुनको लागि योग्य मानिनेछ ।

(क) नेपाली नागरिक

(ख) २० बर्ष उमेर पुगेको

(ग) मानसिक रुपले स्वस्थ्य भएको

(घ) सम्बन्धित टोल विकास संस्थाको लागि तोकिएको चारकिल्ला सिमाना भित्र स्थायी बसोबास भएको ।

(३) टोल विकास संस्था दर्ता : (क) प्रत्येक टोल विकास सस्था सम्बन्धित वडा कार्यालयको सिफारिशमा नगरपालिकामा दर्ता गर्नु पर्नेछ ।

(ख) टोल विकास सस्था दर्ताको लागि देहायका कागजातहरु सहीत नगरपालिकामा दर्ताको लागि निवेदन दिनु पर्नेछ ।

(अ) टोल भेलाको उपस्थिति र टोल विकास सस्था गठनको लागि भएको निर्णयको फोटोकपी ।

(आ) कार्यकारी समितिमा रहने पदाधिकारीको नेपालि नागरिकता प्रमाणपत्रको फोटोकपी । त्यस्ता पदाधिकारीहरुको नागरिकता लिंदाको अवस्थामा अन्य जिल्ला वा यसै जिल्लामा भए पनि अन्य स्थानीय तहमा स्थायी ठेगाना रहने गरी जारी भएको रहेछ भने सम्बन्धित टोल विकास संस्थाको लागि तोकिएको चारकिल्ला सिमाना भित्र स्थायी बसोबास भएको बसाई सराई प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

(इ) सम्बन्धित वडा कार्यालयको सिफारिश

(ग) टोल विकास सस्था दर्ता गरि सके पछि संस्थालाई अनुसूची १ बमोजिमको प्रमाणपत्र उपलब्ध गराईनेछ ।

(४) दर्ता शुल्क : नगरपालिकाले टोल विकास संस्था दर्ता गर्दा रु.१५०।– दर्ता शुल्क लिनेछ ।

६. बैठक सम्बन्धी व्यवस्था : (१) टोल विकास संस्थाको कार्यकारी समितिको बैठक प्रत्येक महिना कम्तीमा एक पटक बस्नेछ । आवश्यकता अनुसार एक पटक भन्दा बढी बैठक बस्न सक्नेछ ।

(२) बैठक अध्यक्षको आदेशमा सचिवले बोलाउनेछ । त्यस्तो बैठकको सूचना बैठक बस्ने दिन भन्दा तिन दिन अगावै सम्बन्धित सदस्यलाई दिनु पर्नेछ ।

(३) समितिको बैठक सामान्यतया अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(४) बैठकमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकमा कुनै पनि निर्णय उपस्थित सदस्य संख्याको बहुमतबाट हुनेछ । कुनै बिषयमा मतदान गर्नु पर्ने भएमा सामान्यतया अध्यक्षता गर्ने व्यक्तिले मत दिने छैनन । तर मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(६) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ, अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाअध्यक्षले गर्नेछ । उपाअध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्य मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) बैठकमा भएका छलफल तथा निर्णयहरु सचिवले निर्णय पुस्तिकामा अभिलेख राखी सो बैठकको अध्यक्षता गर्ने अध्यक्षबाट प्रमाणित गराउनु पर्नेछ ।

(८) बैठकमा सल्लाहकार समूह, कुनै बिषयका बिशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ । तर त्यसरी आमन्त्रीत व्याक्तिको गणपुरक संख्या गणना गर्दा गणना गरिनेछैन र मताधिकारको अधिकार पनि हुनेछैन ।

(९) संस्था वडा कार्यालय तथा नगरपालिका प्रति जवाफदेही हुनेछ ।

## परिच्छेद ५
## आर्थिक अवस्था

७. टोल विकास सस्थाको आय स्रोत तथा सञ्चालन : (१) प्रत्येक टोल विकास संस्थाले आफ्नो नाममा बैङ्कखाता खोल्न सक्नेछ ।

(२) दफा ५ (३) बमोजिम नगरपालिकामा दर्ता भई सके पछि सम्बन्धित वडा कार्यालयको सिफारिशमा कुनै बैङ्कमा उक्त टोल विकास संस्थाको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट बैङ्खाता सञ्चालन हुनेछ ।

(३) टोल विकास संस्थाको कोषमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछन ।

(क) सम्बन्धित टोल विकास संस्थाका सदस्यहरुले आफुहरु मध्येबाट मासिक/बार्षिकरुपमा संकलन गर्ने रकम ।

(ख) सम्बन्धित टोल विकास संस्थाका सदस्यहरुले आफ्नो टोलमा देउसी भैलो, फागु वा यस्तै चाडवाडमा अभियानको रुपमा संकलन गरेको रकम

(ग) सम्बन्धित वडा कार्यालयबाट अनुदान प्राप्त रकम

(घ) नगरपालिकाबाट अनुदानको रुपमा प्राप्त रकम

(ङ) कुनै दातृ संस्था वा गैरसरकारी संस्थाबाट प्राप्त सहयोग रकम ।

तर त्यस्तो सहयोग लिनु भन्दा अगाडी सम्बन्धित वडा कार्यालयको सिफारिशमा नगरपालिकाको अनुमती लिनु पर्नेछ ।

(४) आर्थिक प्रतिवेदन : टोल विकास संस्थाको आर्थिक कारोबारको आर्थिक प्रतिवेदन साधारण सभामा पेश गर्नु पर्नेछ । साधारण सभाबाट अनुमोदन भएको आर्थिक प्रतिवेदन वडा कार्यलयमा पेश गर्नु पर्नेछ ।

(५) सम्बन्धित संस्थाले निर्णय गरी आफ्ना सदस्यहरुबाट शुरु दर्ता शुल्क, मासिक, बार्षिक शुल्क संकलन गर्न सक्नेछ ।

(६) संस्थाले आफ्नो आयव्यय लेखाको आन्तरीक रुपमा लेखापरीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) नगरपालिकाले टोल विकास संस्थाको आर्थिक कारोबारको सम्बन्धमा कुनै विवाद भएमा जुनसुकै बेला पनि आर्थिक कारोबारको लेखा तथा त्यससंग सम्बन्धित कागजातहरुको निरीक्षण तथा परीक्षण गर्न सक्नेछ ।

## परिच्छेद ६
## काम कर्तव्य अधिकार

८. टोल विकास संस्थाको काम कर्तव्य अधिकार : (१) प्रत्येक टोलविकास संस्थाको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नियमीतरुपमा बैठक बसी आपसी अनुभव, सिकाई तथा समुदायको अप्ठ्याराहरुको आदान प्रदान गर्ने र त्यसको निराकरणको लागि प्रयास गर्ने ।

(ख) समुदायको आवश्यकता र संभावीत असरहरुको संबोधन गर्न आवश्यक योजना तयारी, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको लागि सक्रिय भूमिका खेल्ने र समन्वय गर्ने,

(ग) टोल अन्तरगत भएका प्राकृतिक श्रोतसाधन तथा अवसर/संभावनाहरुको पहिचान गरी तिनीहरुको समुचित परिचालनको लागि आवश्यक सम्पर्क, समन्वय तथा सहकार्य गर्ने,

(घ) समुदायका लक्षित वर्ग (संकटासन्न वर्ग) को पहिचान गरी उनीहरुको लागि विशेष कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयनमा सहयोग गर्ने,

(ङ) समुदायको क्षमता अभिवृद्धीको लागि क्षमता विकास कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने,

(च) टोल समुदाय क्षेत्रभित्रका समूहहरुमा सुशासन स्थापीत गर्न पहल तथा अनुगमन गर्ने ,

(छ) नगरपालिकालाई कृषि, वन, वातावरण, जलवायु परिवर्तन, विपद् व्यवस्थापन जस्ता क्षेत्रमा विकासका लागि आवश्यक सहकार्य गर्ने तथा निर्णय गरे अनुसार कार्यान्वयन गर्न सहयोग गर्ने,

(ज) विभिन्न सहयोगी निकायहरु संग समन्वय गर्ने तथा प्राप्त सहयोगलाई लक्षित वर्ग सम्म प्राथमिकताका साथ पुऱ्याउन सहयोग गर्ने,

(झ) आवश्यक नीति नियम बमोजिम समितिको नाममा कोषको स्थापना गर्ने र परिचालन गर्ने,

(ट) यस समितिको कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गर्ने,

(ठ) आफ्नो समुदाय क्षेत्रभित्र जुनुकै संघ संस्था वा निकायले सञ्चालन गर्ने विकास निर्माणका बिषयमा जानकारी राख्ने, सहजीकरण गर्ने, दोहोरोपन(Duplication) हुन नदिन सहयोग गर्ने ।

(ड) आफ्नो समुदाय क्षेत्रभित्र नगरपालिकाद्धारा सञ्चालन हुने विकास निर्माणका कार्यहरुमा प्रचलित कानूनको परिधि भित्र रही उपभोक्ता समितिले गर्ने कार्य गर्ने ।

(ढ) नगरपालिका तथा वडा समितिबाट माग भएको अवस्थामा आवश्यक सहयोग गर्नेछ ।

(ण) आफ्नो टोलवासीको नयाँ नागरिकता सिफारिश तथा नागरिकता संशोधन गर्दा, व्यावसाय दर्ता वा उद्योग दर्ताको सर्जमिन मुचुल्का गर्दा, घटना दर्ता संशोधनका लागि गरिने मुचुल्का, पशुधन (जस्तै बाखा, गाई, भैसी) को बिमा कम्पनीलाई सिफारिश गर्दा नगरपालिकाले गर्ने मुचुल्कामा कार्यकारी समितिका सदस्यहरु मध्ये एक जनाले सहीछाप गरेको हुनु पर्नेछ ।

(त) आफ्नो टोलमा साँधसीमाना, कुलो, बाटो विवाद तथा झै झगडा सम्बन्धमा आफ्नो टोलमा विवादका बिषयमा सम्बन्धित पक्षहरु बीच छलफल गराई विवाद समाधानको प्रयास गर्नु कार्यकारी समितिको कर्तव्य हुनेछ ।

(थ) आफ्नो टोलमा फोहोरमैला व्यवस्थापन तथा वातावरण सरसफाई सम्बन्धमा टोलवासीलाई अभिप्रेरीत गर्नु कार्यकारी समितिको कर्तव्य हुनेछ ।

(द) जग्गा विवाद समाधान गर्न फिल्डमा खटिई आउने नगरपालिकाको सर्भेक्षक वा नापी कार्यालयका प्रविधिक कर्मचारीलाई सहयोग पुऱ्याउनु कार्यकारी समितिको कर्तव्य हुनेछ ।

(ध) नजिकका हकदार वा सन्तान नभएका जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति वा वेवारिसे व्यक्तिलाई सहयोग पुऱ्याउने,

(न) टोल भित्र हुने झैझगडा वा अन्य प्रकृतिका विवादहरुलाई समाधान गर्न दुबै पक्ष बीच छलफल गराई विवाद समाधानमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने,

(प) सन्तान नभएका वा नजिकका नातेदार नभएका जेष्ठ नागरिक तथा असहाय, अपाङ्ग नागरिकहरुको सामाजिक सुरक्षा भत्ता लिन आवश्यक सहयोग गर्ने ।

(फ) आफ्नो टोललाई बालमैत्री बनाउन तथा बालश्रम मुक्त समाज निर्माण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।

(२) अन्य संस्था संगको समन्वय तथा सम्पर्क : टोलविकास संस्थाहरुले नगरपालिका तथा अन्य निकायहरु संग सम्पर्क गर्दा वडा कार्यालय मार्फत गर्नु पर्नेछ ।

## परिच्छेद ७
## पदाधिकारीको काम कर्तव्य र जिम्मेबारी

९. टोल विकास संस्थाका पदाधिकारीहरुको काम कर्तव्य र जिम्मेबारी देहाय बमोजिम हुनेछ :

(१) अध्यक्षको काम कर्तव्य र जिम्मेबारी : यस कार्यविधिमा अन्यत्र लेखीए देखी बाहेक टोल विकास संस्थाको अध्यक्षको काम कर्तव्य र जिम्मेबारी देहाय बमोजिम हुनेछ :

(क) समितिको बैठकको अध्यक्षता गर्ने,

(ख) बैठकमा उठेका विवादित बिषयमा निर्णायक मत दिने,

(ग) अन्य पदाधिकारी तथा सस्यहरुको जिम्मामा रहेको कामहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) सरोकारवाला संघ, संस्था र नागरिक समाजसंग निकटतम सम्बन्ध र सम्पर्क नियमितरुपमा राखीरहने ,

(ङ) समितिको उद्देश्य परिपूर्तिको लागि मुख्य कार्यकारीणीको रुपमा आवश्यक पर्ने सबै प्रकारका कार्यहरु गर्ने,

(च) बैठकमा प्रतिवेदन, प्रस्ताव पेश गर्ने गराउने,



रेसुङ्गा नगरपालिकाको स्थानीय राजपत्र

(छ) समितिको निर्णय अनुसार सदस्यहरुलाई कामको बाँडफाँड गर्ने तथा त्यस्ता कामको समन्वय गर्ने,

(ज) समितिको कामलाई पारदर्शि बनाउन प्रयत्नशिल रहने,

(झ) सम्बन्धित बिषयगत क्षत्रका विकास कार्यक्रम, आयोजनाहरुको सफल कार्यान्वयन गर्न सहयोग गर्ने,

(ञ) संस्थाको तर्फबाट विभिन्न संस्था तथा निकायहरुमा प्रतिनिधित्व गर्ने ।

**(२) उपाध्यक्षको काम कर्तव्य र जिम्मेबारी** : यस कार्यविधिमा अन्यत्र लेखीए देखी बाहेक टोल विकास संस्थाको उपाध्यक्षको काम कर्तव्य र जिम्मेबारी देहाय बमोजिम हुनेछ,

(क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने,

(ख) अध्यक्षको काम कारबाहीमा सहयोग गर्ने,

(ग) संस्थाको निर्णयबाट प्रदान गरिएका अन्य अधिकार तथा जिम्मेबारी कार्यान्वयन गर्ने गराउने ।

**(३) सचिवको काम कर्तव्य र जिम्मेबारी** : यस कार्यविधिमा अन्यत्र लेखीए देखी बाहेक टोल विकास संस्थाको सचिवको काम कर्तव्य र जिम्मेबारी देहाय बमोजिम हुनेछ,

(क) अध्यक्षको निर्देशन बमोजिम समितिको बैठक बोलाउने, अध्यक्षको सल्लाह तथा निर्देशन अनुसार बैठकको कार्यसूची (Ajenda) तयार गर्ने, निर्णय पुस्तिका तयार गरी अध्यक्षबाट प्रमाणित गराउने र निर्णयको प्रतिलिपि उतार गरी सदस्यहरुलाई उपलब्ध गराउने,

(ख) संस्थाको अभिलेख तथा कागजातहरु सुरक्षित राख्ने,

(ग) कार्यालय सञ्चालन सम्बन्धी काम कारबाही गर्ने

(घ) कार्य सञ्चालनको लागि भएका कामको बाँडफाँड अनुसार कार्य सम्पन्न गराउने,

(ङ) संस्थाका निर्णयहरु कार्यान्वयन गर्न आवश्यक कार्यहरु गर्ने,

(च) संस्थाको बार्षिक कार्यक्रम तथा बजेट तयार गरी समितिमा पेश गर्ने,

(छ) संस्थाको प्रतिवेदन, प्रस्ताव आदि तयार गर्ने,

(ज) कार्यकारी सुमितिको बैठकमा भाग लिने,

(झ) संस्थाले तोकेको अन्य कार्यहरु गर्ने ।

(४) कोषाध्यक्षको काम कर्तव्य र जिम्मेबारी : यस कार्यविधिमा अन्यत्र लेखीए देखी बाहेक टोल विकास संस्थाको कोषाध्यक्षको काम कर्तव्य र जिम्मेबारी देहाय बमोजिम हुनेछ,

(क) संस्थाको कोष सम्बन्धी सम्पूर्ण जिम्मेवारी बहन गर्ने, आय व्ययको सम्पूर्ण अभिलेख राख्ने र राख्न लगाउने,

(ख) आर्थिक कार्य प्रणाली नियमित गर्ने,

(ग) आर्थिक प्रतिवेदन तयार गर्ने,

(घ) आर्थिक कार्यक्रमहरु तयार गर्ने,

(ङ) लेखा परीक्षकलाई आवश्यक सहयोग गर्ने,

(च) सम्पूर्ण जिन्सी सामानको जिम्मेवारी लिने ।

(५) सदस्यहरुको काम कर्तव्य र जिम्मेबारी : यस कार्यविधिमा अन्यत्र लेखीए देखी बाहेक टोल विकास संस्थाको सदस्यहरुको काम कर्तव्य र जिम्मेबारी देहाय बमोजिम हुनेछ,

(क) बैठकमा सहभागी भई प्रस्तावहरुमा आ-आफ्नो राय दिने र निर्णयमा सहभागी हुने,

(ख) संस्थाको निर्णय अनुसार तोकिएका अन्य कामहरु गर्ने,

(ग) आफ्नो क्षेत्रका सदस्य समूहहरुको प्रत्यक्ष सम्पर्कमा रही आवश्यक समन्वय र सहयोग गर्ने ।

## परिच्छेद ८
## विविध

१०.	सल्लाहकार समूहको गठन : (१) संस्थाले नगरपालिका क्षेत्रमा अवस्थित राजनैतिक दल, नागरिक समाज वा जनप्रतिनिधि, समाजसेवी वा अन्य व्याक्तिहरुलाई सल्लाहकारको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(२)	सल्लाहकार समूहका प्रतिनिधिहरुको बुझाबलाई आधार मानी समितिले निर्णय प्रक्रियामा पुग्नेछ ।

(३)	सम्बन्धित वडाका वडा अध्यक्ष नगरपालिकाको तर्फबाट स्थायी सल्लाहकारको रुपमा रहने छन् ।

(४)	समितिमा कुनै बिषयका सम्बन्धमा विवाद उत्पन्न भई मतदान गर्नु पर्ने भएमा सल्लाहकार समितिका प्रतिनिधिहरुले मताधिकार प्रयोग गर्न पाउने छैनन् ।

११.	पदाधिकारीको पदमुक्त, राजीनामा स्वीकृती र पदपूर्ति सम्बन्धी व्यवस्था : (१) यदि अध्यक्षले आफ्नो पदबाट राजिनामा दिई पदमुक्त हुन चाहेमा उपाध्यक्ष समक्ष राजिनामा दिन सक्नेछ । अध्यक्षले आफु समक्ष पेश गरेको राजीनामा उपाध्यक्षले राजिनामा दिएको तिन दिन भित्र समितिको बैठक बोलाई समिति समक्ष पेश गरी समितिले बहुमतबाट राजिनामा स्वीकृत गरेमा अध्यक्ष पदबाट अलग हुनेछन ।

(२)	उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिनेछन र अध्यक्षले उक्त राजिनामा स्वीकृत गरेमा निज सो पदबाट अलग भएको मानिनेछ ।

(३)	कुनै पदाधिकारी बिना सूचना समितिको तिन वटा बैठकमा अनुपस्थित भएमा समितिले निजलाई सचेत गराउने छ । त्यस पछिको बैठमा पनि निज अनुपस्थित भएमा समितिले निर्णय गरी पदमुक्त गर्न सक्नेछ ।

(४)	कुनै पदाधिकारीले संस्थाको अहित हुने काम गरेमा समितिको बैठकले आवश्यक कारबाही गरी निजबाट आर्थिक क्षती समेत भएको भए सो समेत असुल गरी निजलाई पदमुक्त गर्न सक्नेछ ।

१२.	विनियम बनाउन सक्ने : संस्थाले आफ्नो काम कारबाहीलाई व्यवस्थित गर्न यस कार्यविधिमा उल्लेख भएका काम कर्तव्य तथा अधिकारको अधिनमा रही विनियम बनाउन सक्नेछ । त्यस्तो विनियम संस्थाको साधारण सभाबाट स्वीकृत गराउनु पर्नेछ ।

१३.	कार्य अवधी : (१) टोलविकास संस्था अन्तरगतको कार्यकारी समितिको कार्यकाल समान्यतया दुई बर्षको हुनेछ । कार्यकारी समितिको निर्वाचन साधारण सभाले गर्नेछ ।

(२)	प्रत्येक बर्ष साधारण सभा बोलाउनु पर्नेछ । अधिवेशन प्रत्येक दुई बर्षमा बस्नेछ ।

१४.	क्रियाशिल संस्था सम्बन्धी व्यवस्था : यो कार्यविधि लागु हुनु भन्दा अगाडी गठन भएका र यस कार्यविधिमा उल्लेखित घरधुरी संख्या तथा कार्यकारी समिति सदस्य संख्या सम्बन्धी मापदण्ड पुरा भएका टोल विकास संस्थाहरु कानून बमोजिमको कार्यावधी रहदाको अवस्थासम्म यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ । यो कार्यविधिमा उल्लेखित मापदण्ड र प्रक्रिया पुरा नभएका टोल विकास संस्था यो कार्यविधि लागु भए पछि विघटन गरी यसै कार्यविधि बमोजिम गठन गर्नु पर्नेछ ।

१५.	संस्थाको विघटन : कुनै टोल विकास संस्थाले देहाय बमोजिमको कुनै पनि काम गरेमा त्यस्तो टोल विकास संस्थालाई वडा कार्यालयको सिफारिशमा नगर कार्यपालिकाले विघटन गर्न सक्नेछ ।

(क)	टोलवासी वा समुदायको अहित हुने काम गरेमा,

(ख)	आर्थिक हिनामिना गरेमा,

(ग)	वडा कार्यालय वा नगरपालिकाको अहित हुने काम गरेको भन्ने उजुरी परेमा र छानबिन गर्दा उजुरीको व्यहोरा मनासिव देखीएमा,

(घ)	कुनै कागजात तयार गर्दा वा सिफारिश गर्दा गलत कागजात तयार गरेमा वा सिफारिश गरेको प्रमाणित भएका ।

१६.	कार्यविधिमा संशोधन : यस कार्यविधिमा केही कुरा सशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

१७. प्रचलित कानून संग बाझिएमा हुने : यो कार्यविधिमा उल्लेख भएका कुनै वा केही कुराहरु प्रचलित कानून संग बाझिएमा बाझिएको हद ससम्म अमान्य हुनेछ ।

अनुसूची – १

दफा ५(३) (ग) संग सम्बन्धित

खैरहनी नगरपालिका चितवन

नगर कार्यपालिकाको कार्यालय, चितवन

०५६-५८२८८५

०५६-५८२००६

# प्रमाण–पत्र

प्रमाण पत्र नं. : मिति :२०७ / /

यस नगरपालिकाबाट जारी भएको टोल विकास संस्था गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ बमोजिम यस नगरपालिकाको वडा नं. मा तपसिल बमोजिमको चारकिल्ला भित्र क्षेत्राधिकार कायम गरी गठन भएको श्री ........................................... टोल विकास संस्थालाई यस नगरपालिकामा दर्ता गरी यो प्रमाण पत्र दिईएको छ ।

**चारकिल्ला :**

पूर्व :

पश्चिम :

उत्तर :

दक्षिण :

प्रमाणित गर्ने अधिकृतको

नाम :

पद :

दस्तखत :

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र